# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्रीज्यूको पद वहालिको १०० दिनमा मन्त्रालयबाट सम्पादन भएका मुख्य मुख्य कार्य

<u>अन्तर तह समन्वय</u>

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको प्रत्येक जिल्लामा सम्पर्क विन्दुको रुपमा रहने गरी जिल्ला समन्वय समितिको कार्यालयका अधिकृतलाई तोकिएको।

<u>नीतिगत तह:</u>

- ज्येष्ठ नागरिक नीति, २०८० को मस्यौदा तर्जुमा गरिएको ।
- मानव बेचविखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को संशोधन मस्यौदा र मानव बेचबिखन विरुद्धको राष्ट्रिय नीति तथा कार्ययोजनाको मस्यौदा तयार भएको ।
- पालेर्मो प्रोटोकलको कार्यान्वयनको लागि मानव बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय नीति तथा कार्ययोजनाको मस्यौदा तयार भएको ।
- अपाङ्गता हेरचाह सम्वन्धी आधारभुत तालिम सञ्चालन स्रोत पुस्तिका, २०८० तयार भएको ।
- अपाङ्गता मैत्री नेपाल घोषणा सम्वन्धी सूचकको प्रारम्भिक मस्यौदा तयार भएको।
- अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०८० को प्रारम्भिक मस्यौदा तयार भएको ।
- ज्येष्ठ नागरिक मिलन केन्द्र निर्माण तथा संचालन सम्बन्धि कार्यविधि, २०८० को प्रारम्भिक मस्यौदा तयार भएको ।

## कार्यक्रम कार्यान्वयन:

- चालू आर्थिक वर्ष २०८०/८१ को मन्त्रालयको वार्षिक स्वीकृत कार्यक्रमलाई समयमै सम्पादन गर्न विनियोजन ऐन बमोजिम निर्माण गर्नुपर्ने सम्बन्धित कार्यविधि, निर्देशिका तथा मापदण्डलाई २०८० साउन महिना भित्रै निर्माण गरी कार्यान्वयनमा लाने व्यवस्था गरिएको।
- बेवारिसे अवस्थामा रहेका ३० जना सडक बालबालिकाको उद्धारका साथै १ हजार ७ सय ४९ जना बालबालिकाको खोजतलास गरिएकोमा १ हजार ६ सय ९४ जना बालबालिका फेला पारी परिवारमा पुनर्मिलन गरिएको । यसै गरी बेवारीसे फेला परेका ९२ जना बालबालिका मध्ये ५६ जना लाई परिवारमा पुनर्मिलन गरिएको र बाँकी ३६ जनालाई अस्थायी संरक्षणका लागि बाल गृहमा राखिएको ।
- बिभिन्न कारणले जोखिममा परेका ४३० जना बालबालिकालाई उद्धार गरिएको ।
- नेपालका दुर्गम क्षेत्रमा ४२ जना ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरु सुरक्षित सुत्केरी गराउनको लागि हवाइ उद्धार गरिएको ।
- समाजमा रहेका विभिन्न वर्ग तथा समुदाय विरुद्दका सामाजिक कुरिति, हिंसा तथा मानव बेचविखन विरुद्धका अभियानहरू सञ्चालन गरिएको ।
- समाजमा समस्याका रुपमा रहेको वृद्दावस्था व्यवस्थापन सम्वन्धमा ७ प्रदेशमा वृद्दावस्था व्यवस्थापनको लागि वृद्धा स्याहार–सुसार सम्वन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको ।
- ज्येष्ठ नागरिकको ज्ञान, सिप र अनुभवलाई उपयोग गर्न अन्तरपुस्ता सीप हस्तान्तरण सम्बन्धी कार्यशाला कोशी प्रदेशको धनकुटा, बागमति प्रदेशको काठमाण्डौ र कर्णाली प्रदेशको सुर्खेतमा सम्पन्न भएको ।

- बाल संरक्षण तथा बालबालिका सम्बन्धी एकिकृत डिजिटल तथ्यांक व्यवस्थापन प्रणालीको स्थापना र सञ्चालनको लागि सफ्टवयरको निर्माण गरी संचालनमा आएको ।
- महिलाहरुको आर्थिक सशक्तिकरणको लागि उद्यमशिलता विकास प्रशिक्षण कार्यक्रम सुनसरी, सिराहा, म्याग्दी र सुर्खेतमा सञ्चालन गरिएको ।
- विराटनगर र कैलालीमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी अभियान कार्यक्रम संचालन गरिएको ।
- पोखरा,नुवाकोट र रौतहट जिल्ला कारागारमा जेल सजाय भोगिरहेका महिला तथा किशोरीहरुलाई जेल जिवन तथा जेल जिवन पश्चातको जिवन परिवर्तनको लागि सामाजिक सचेतना सहितको सकारात्मक सोच कार्यक्रम सम्पन्न गरिएको।
- मानव वेचविखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरुलाई मनोसामाजिक परामर्श कार्यक्रम र मानव वेचविखन तथा ओसारपसारबाट पीडित/ प्रभावितहरुलाई जीवनयापनमा सहजीकरण पुर्याउने तथा यस्ता गतिविधिमा कमी ल्याउने उद्देश्यले पुनर्स्थापना केन्द्रका संचालक, व्यवस्थापक, जिल्ला समितिका सदस्य तथा स्थानीय तहका कर्मचारीबिच काठमाडौंमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको ।
- नेपालको सामाजिक विकासको क्षेत्रमा सञ्चालित ६ वटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको कार्यक्रम अनुगमन गरिएको ।